**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:18.03.2024**

---

***CEO Press Conference***

सिक्कमका मुख्य निर्वाचन अधिकारी श्री डी आनन्दनले भन्नुभएको छ भारतको निर्वाचन आयोगको निर्देश अनुरूप राज्यको चुनाउको तिथिको अधिसूचना आउँदो बुधवार बीस मार्चमा जारी गरिनेछ।

गान्तोकमा हिजो साँझ एउटा पत्रकार सम्मेलनलाई सम्वोधन गर्दै उहाँले भन्नुभयो उमेदवारहरूले नामङ्कन दर्ता गर्ने अन्तिम मिति सत्ताइस मार्च हुनेछ र नामङ्कन पत्रहरूको जाँच अठाइस मार्चमा गरिनेछ।

यसै गरी उम्मेदवारी फिर्ता लिने अन्तिम मिति तीस मार्च हुनेछ भने र चुनाउ उन्नाइस अप्रेलमा हुनेछ।

श्री आनन्दनले भन्नुभयो राज्य विधानसभाको मतको गणना दुई जूनमा र लोकसभाको भोटको गिन्ती चार जुनमा गरिनेछ।

छ जून 2024 अघि चुनाउ सम्पन्न गराउनु पार्छे मुख्य निर्वाचन अधिकारीले जानकारी दिनुभए अनुसार सोह्र मार्च 2024 सम्म सिक्किममा कुल चार लाख त्रिसाठी हजार नौ सय उन्तीससजना मतदाताहरू छन्।

यीमध्ये दुई लाख बत्तीस हजार तीन सय एकासीजना पुरूष मतदाता, दुई लाख एकतीस हजार पाँच सय पैंतालिस महिला मतदान र तीनजना थर्ड जेन्डर मतदाता छन्।

सेवारत मतदाताहरूको संख्या जम्मा दुई हजार पाँच सय दुई र पचासी वर्षभन्दा बढ़ी उमेरका वरिस्ठ नागरिक मतदाताहरूको संख्या दुई हजार चार सय तिरात्तर छ।

दिब्याङ्ग मतदाताहरू र वरिस्ठ नागरिकहरूका लागि सबै केन्द्रहरूमा आवश्यक सुविधा उलब्ध गराउने आश्वासन दिँदै उहाँले भन्नुभयो स्वास्थय, जन स्वास्थ्य अभियान्त्रिकी, विद्युत, मीडिया तथा अन्य जस्ता आवश्यक सेवा अन्तर्गत पर्ने मतदाताहरूका लागि डाकमतपत्रको व्यवस्था हुनेछ।

श्री आनन्दनले भन्नुभयो शहरी क्षेत्रमा अठासी र ग्रामीण क्षेत्रमा चार सय पचासी गरी जम्मा पाँच सय तिरात्तर मतदान केन्द्रहरू हुनेछन् भने छ वटा मोडल मतदान केन्द्रहरू हुनेछ।

---

***CAP***

सिटिजन एक्शन पार्टी, सिक्किमले गान्तोकमा हिजो आयोजित कार्यक्रममा आगामी लोकसभा र विधानसभा चुनाउका लागि पार्टीको घोषणापत्र जारी गरयो।

पार्टी अध्यक्ष श्री भरत बस्नेत, संस्थापक अध्यक्ष श्री एल पी काफ्ले अनि प्रमुख समन्वयक तथा आगामी चुनाउमा मुख्यमन्त्री पढका उम्मेदवार ती गणेष राईको विशेष उपस्थितीमा 27 अध्यायको एक सय पैंतिस प्रस्ठको घोषणापत्र जारी गरियो।

पहिलोपल्ट चुनाउ लड़न गइरहेको सिटिजन एक्शन पार्टीले आफ्नो घोषणापत्रमा सुशासन, आर्थिक विकास, सिक्किम र सिक्किमेको अस्तित्व सुरक्षा महिला सुरक्षा तथा विकास,युवाहरूलाई रोजगार, शिक्षा नीतिमा सुधार शहरी र ग्रामीण क्षेत्रको विकास, पर्यटन तथा पूर्वाधार विकास अनि सामाजिक न्याय कला साहित्य संस्कृतिको संरक्षणलाई महत्व दिएको छ।

यसका साथै सिटिजन एक्शन पार्टीले सरकार गठन गरेको खण्डमा राज्यमा ट्रेड युनियन ऐन लागू गर्ने, राज्यमा विधान परिषद गठनको दिशातर्फ पहल गर्ने वित्तीय ऐन 2023 मा सिक्किमेको परिभाषालाई सम्विधानको धारा 371 एफको आधारमा पुनर्स्थापित गर्ने, टिस्टा चरण चार पनविजुली परियोषणा पूर्ण रूपले बन्द गर्ने राज्यमा एउटै पनि नयाँ पनबिजुली परियोजना शुरू नगर्ने घोषणा गरेको छ।

---

***SDF election manifesto***

सिटिजन एक्शन पार्टीपछि सिक्किम प्रजातान्त्रिक मोर्चा SDF पार्टीले पनि आज पहिलो चरणको चुनाउ घोषणापत्र जारी गरयो।

यसमा पार्टीले सम्विधानको धारा 371 को आधारमा सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सरकारले कथित रूपमा लागू गरेको सीएए लगायत अन्य केन्द्रीय कानूनहरू हटाउने, वित्रीय ऐन 2023 को धार 4 र 5 लाई विधानसभामा चर्चा गरेर अस्वीकृत गर्ने, इनर लाइन पर्मिट लागू गर्ने, 2026 को समस्टि पुनर्सीमाङ्कनलाई गम्भीरतापूर्वक लिएर विशेष गरी लिम्बु तामाङ समुदायलाई न्याय दिने।

नेपाली सीट पुनर्वहाल गर्ने र धार्मिक  पर्यटनको विकासलाई प्राथमिकता दिने जस्ता विषयहरूलाई प्राथमिकता दिएको छ।

गान्तोकको इन्दिरा बाइपासस्थित पार्टी मुख्यालयमा आज आयोजित पत्रकार सम्मेलनलाई सम्वोधन गर्दै प्रवक्ता श्री भाइचुङ भुटियाले मौखिक रुपमा पहिलो चरणको घोषणापत्र सार्वजनिक गर्नुभयो।

उहाँले भन्नुभयो आउँदा दिनहरूमा यसरी नै अन्य चुनावी घोषणा गरिनेछ र अन्तमा सबै घोषणालाई पुस्तिकाको रूपमा प्रकाशित गरिनेछ।

---

***DCC pakyong***

पाकिम जिल्लाको जिल्ला नियन्त्रण केन्द्रले पाकिम जिल्ला प्रशासनिक केन्द्रमा आदर्श आचार संहिता लागू भएको घोषणा गरिएको दिनदेखि चुनाउ सम्वन्धी प्रश्नहरूको समाधान गर्न एउटा सुविधा उपलब्ध गराएको छ।

हेल्पलाइन नम्वरमा सम्पर्क गरेर नागरिकहरूले मतदान मिति ,मतदाता सूची र फोटोयुक्त मतदाता परिचय पत्र जस्ता विभिन्न विषयहरूवारे जानकारी लिन सक्नेछन्।

चौविसै घण्टा उपलब्ध हेल्पवाइन नम्वर मार्फत जिल्ला नियन्त्रण कक्षमा सम्पर्क गर्न सकिनेछ।

हेल्पलाइन नम्वर हुन 03592-200023 7908543968 नागरिकहरूले मोबाइल एप vigil द्वारा पनि आदर्श आचार संहिता सम्वन्धी शिकायत दर्ता गर्न सक्नेछन्।

---

***DC pakyong***

यसैवीच पाकिममा जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले आज पाकिम स्थित RURBAN सामुदायिक परिसरमा विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूसित बैठक गर्नुभयो।

यसको उद्देश्य आम चुनाउ सुचारू रूपमा सम्पन्न गराउन आदर्श आचार संहिता र भारतको निर्वाचन आयोगका अन्य दिशानिर्देशहरूवारे जानकारी दिनु थियो।

यसमा सिक्किम क्रान्तिकारी मोर्चा, सिक्किम प्रदेश काग्रेस समिति, सिक्किम प्रजातान्त्रिक मोर्चा र सिटिजन एक्शन पार्टीका प्रतिनिधिहरू र वरिस्ठ सरकारी अधिकारीहरू उपस्थित थिए।

---

***Mangan meeting***

मंगन जिल्ला अधिकारीहरू र देशरेख टीमहरूका लागि चनाउ वारे जानकारी प्रदान गर्ने सम्वन्धी अन्तिम बैठक आज जिल्ला प्रशासनिक केन्द्र पेन्तोकमा बस्यो।

जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री हेम कुमार छेत्रीले अध्यक्षता गर्नुभएको बैठकमा उहाँले चुनाउलाई सफलतापूर्वक सम्पन्न गराउन सम्वन्धित सबैको भूमिका महत्वपूर्ण रहने कुरोमाथि जोड़ दिइयो ।

---